# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल
## चारवर्षे कार्ययोजना (२०८१/०८२ देखि ०८५/०८६ सम्म)

**"मर्यादाका लागि सत्य-तथ्य, न्याय र परिपूरण"**

भद्रकाली प्लाजा, काठमाडौ

नेपाल

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

नेपाल

(प्रशासन तथा योजना शाखा)

प.सं.: ०८२/८३
च.नं.: ३२६

मितिः २०८२।०५।१६
नेपाल संवत् ११४५ अलाथ्व नवमी

श्री विनिता नेपाली
सदस्य
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
भद्रकाली प्लाजा, काठमाडौ ।

**विषयः कार्ययोजना निर्माण समिति गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस आयोगको (अध्यक्षस्तरीय) मिति २०८२।०५।१६ को निर्णयानुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको कार्ययोजना निमार्ण गरी आयोग समक्ष पेश गर्न महोदयको संयोजकत्वमा तपसिल बमोजिमको कार्ययोजना निर्माण समिति गठन भएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| | | | | |
|---|---|---|---|---|
| १. | संयोजक | सदस्य | श्री विनिता नेपाली | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| २. | सदस्य | सहसचिव | श्री पुजा खत्री | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| ३. | सदस्य | उपसचिव | श्री सन्तोष कुमार गिरी | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| ४. | सदस्य | उपसचिव | श्री ज्योती श्रेष्ठ | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| ५. | सदस्य | उपसचिव | श्री पूर्णबहादुर थापामगर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |
| ६. | सदस्य-सचिव | उपसचिव | श्री ओजा लामिछाने | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग |

**बोधार्थः-**

सहसचिव श्री पुजा खत्री, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
उपसचिव श्री सन्तोष कुमार गिरी, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
उपसचिव श्री ज्योती श्रेष्ठ, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
उपसचिव श्री पूर्णबहादुर थापामगर, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
उपसचिव श्री ओजा लामिछाने, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

२०८२/०५/१६

(ज्योती श्रेष्ठ)
उपसचिव

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग
भद्रकाली प्लाजा, काठमाडौं, नेपाल

**बैठक संख्या १७**

आज मिति २०८२।१२।१७ गते यस आयोगका अध्यक्ष श्री लीला देवी गडतौलाको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमको कार्यसूचीमा छलफल भई देहाय बमोजिम निर्णय गरियो:-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री लीला देवी गडतौला | |
| २. | सदस्य | श्री गोपाल नाथ योगी | |
| ३. | सदस्य | श्री अग्नी प्रसाद थपलिया | |
| ४. | सदस्य | श्री श्रृजना पोखरेल | |
| ५. | सदस्य | श्री विनिता नेपाली | |

**कार्यसूची:-**

१. आयोगको चार वर्षको कार्ययोजना र वार्षिक कार्ययोजना सम्बन्धमा।

२. विविध।

**निर्णय:-**

१. सचिवालय मार्फत पेश भएको यसै साथ संलग्न आयोगको चार वर्षे कार्ययोजना (२०८१/०८२ देखी २०८५/०८६ सम्म) र प्रत्येक आर्थिक वर्षको कार्ययोजना स्वीकृत गर्ने।

| | | | | |
|---|---|---|---|---|
| (विनिता नेपाली) | (श्रृजना पोखरेल) | (अग्नी प्रसाद थपलिया) | (गोपाल नाथ योगी) | (लीला देवी गडतौला) |
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमि | १-३ |
| २. आयोगको गठन र हालको अवस्था | ३-९ |
| ३. आयोगको संगठन संरचना र मानव स्रोत व्यवस्थापन | ९-१० |
| ४. आर्थिक स्रोत व्यवस्थापन | १०-१२ |
| ५. आयोगले सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्य | १२-१४ |
| ६. कार्यक्षेत्र | १४ |
| ७. कार्यविधि | १४ |
| ८. कार्यपद्धति | १४-१५ |
| ९. आयोगले गर्नुपर्ने बाकी जिम्मेवारी | १५-१७ |
| • आयोगको चार वर्षको कार्ययोजना र वार्षिक कार्ययोजना | १८-५३ |
| १०. समस्या र चुनौती | ५४-५७ |
| ११. प्रतिवेदन | ५७ |
| १२. आयोगको विघटन | ५८ |

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नेपाल
## भद्रकाली प्लाजा, काठमाडौं
## कार्ययोजना

### १. पृष्ठभूमी

नेपालमा सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्यपक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका थिए। यस क्रममा हजारौं मानिसको ज्यान जानुका साथै व्यक्तिहरू बेपत्ता पारिएको घटना र सार्वजनिक तथा निजी सम्पत्तिको क्षतिसमेत भएको थियो। नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच वि.सं. २०६३ मंसिर ०५ गते विस्तृत शान्ति सम्झौता भएपछि उक्त द्वन्द्व अन्त्य भएको थियो। विस्तृत शान्ति सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य तथ्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट आयोगको गठन गर्ने उल्लेख भएको पाईन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारलाई राहत उपलब्ध गराउने तथा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न र मेलमिलापको वातावरण निर्माण गर्न तथा विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने कुरा उल्लेख भएको कुरा स्मरणीय छ।

नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न

व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने प्रयोजनको लागि संसदबाट २०७१ सालमा पृथक ऐन जारी भएको कुरा सर्वविदित छ।

ऐन जारी हुनु अघी विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको मर्म र भावना अनुसार संक्रमणकालीन न्याय सम्बन्धी कार्य सम्पादन गर्न वि.सं. २०६९ चैत्र १ गते बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ जारी भएको थियो। उक्त अध्यादेश जारी भए तापनि सो बमोजिम कुनै आयोग गठन हुनसकेको पाइदैन। उक्त अध्यादेश बमोजिम कामकारबाही शुरु नहुँदै सो अध्यादेश जारी भएपछि बसेको व्यवस्थापिका-संसदको बैठकबाट अध्यादेश पारित नभएको कारणले उक्त अध्यादेश स्वतः निष्क्रिय भएको थियो। तत् पश्चात केही समय संक्रमणकालीन न्याय सम्बन्धी कार्य थाँती रहन गएको देखिन्छ।

मिति २०७१ बैशाख २८ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "ऐन" भनिएको) प्रमाणीकरण भयो। यस ऐनले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा मानवता विरूद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य पत्ता लगाउने, समाजमा मेलमिलाप गराई दिगो शान्ति तथा मेलमिलापको वातावरण निर्माण गर्ने, पीडकलाई कारबाही तथा पीडितलाई परिपूरण र क्षतिपूर्ति उपलब्ध गराउने मुख्य उद्देश्य रहेको देखिन्छ। यस उद्देश्य प्राप्तिको लागि वि.सं. २०७१ माघ २७ गते सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको थियो। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा स्पष्ट रुपमा दुईवटा आयोग गठन गर्ने उल्लेख गरेको नभए तापनि ने.का.प. २०६४ नि.नं. ७८१७ अङ्क २, राजेन्द्र प्रसाद ढकालको हकमा रविन्द्र प्रसाद ढकाल समेत विरुद्ध गृह मन्त्रालय समेत भएको बन्दीप्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च अदालतले "***बलपूर्वक बेपत्ता वनाइएका व्यक्तिहरूको संरक्षण सम्बन्धी ऐन कार्यान्वियनको लागि सोही ऐनमा वा छुट्टै रुपमा त्यस्ता बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको सम्बन्धमा छुट्टै जाँचबुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वान्छनीय हुने हुँदा यस किसिमको समस्याको जाँचबुझ गर्न छुट्टै अधिकार, सिप र प्रक्रियाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा जाँचबुझ गर्ने आयोगको आधारहरू (Criteria for Commission on Enforced Disappearance) लाई मार्ग निर्देशकको रुपमा शर्तहरू किटान गर्न उपयुक्त हुने***" भनि व्याख्या भएको छ। साथै बेपत्ता पारिएका व्यक्तिको संरक्षण सम्बन्धी ऐन, बेपत्ता पारिएको कारण र अवस्था बारे जाँचबुझ आयोगको व्यवस्था कानूनमा नै गरी व्यापक रुपमा छानबिन गर्न अधिकार सम्पन्न

उपयुक्त आयोग गठन गर्न र छानबिन गरी प्रतिबेदन लिनुभनी आदेश (ने.का.प. २०६४ नि.नं.७८१७ अंक २) भए बमोजिम छुट्टै अलग अलग आयोगहरु क्रमशः बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो। परिणाम स्वरुप २०७१ साल देखि बलपूर्वक बेपत्ता पारिएको व्यक्तिहरुको लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र अन्य उजुरीहरुका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगको छुट्टा छुट्टै आयोग गठन भई हालसम्म कार्यरत रही नेपालको संक्रमणकालीन न्यायलाई व्यवस्थापन गर्दै तार्किक निष्कर्षमा पुऱ्याउने प्रयास हुँदै आएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग (यसपछि "आयोग" भनिएको) लाई प्राप्त कानून बमोजिमको कार्यक्षेत्र अन्तर्गतका विषयमा आयोगबाट हालसम्म भएका कामकारबाहीको संक्षिप्त जानकारी सहित आगामी कार्ययोजना तयार पारिएको छ।

## २. आयोगको गठन र हालको अवस्था

सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन भएका घटनाका बारेमा छानबिन गरी सत्य अन्वेषण गर्न समेतका लागि आपसी सहमतिबाट उच्चस्तरीय छानबिन आयोग गठन गरिने भनी २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा उल्लेख भएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने कुरा स्पष्ट रुपमा उल्लेख भएको छ। यी प्रावधानले निर्धारण गरे बमोजिम उक्त द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको बारेमा छानबिन गरी त्यस्ता व्यक्तिहरूको परिवारलाई बेपत्ता पारिएका व्यक्तिको बारेमा सत्य तथ्य जानकारी गराई पीडकलाई कारबाही गर्ने र पीडित परिवारलाई राहत उपलब्ध गराउने, राजनीतिक र संवैधानिक दायित्व पूरागर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको गठनगर्नु अनिवार्य र आवश्यक हुनआयो। यसै पृष्ठभूमिमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ बमोजिम नेपाल सरकारबाट मिति २०७१/१०/२७ मा पहिलो पटक आयोग गठन गरी शुरुमा यस आयोगको कार्यावधी दुई वर्ष तोकिएकोमा सो आयोगले काम सम्पन्न गरीनसकेको कारणले पटक पटक गरी पुनः दुई वर्ष अवधी थपगरी तत्कालीन आयोगका पदाधिकारीहरू २०७५ साल चैत्र मसान्तसम्म बहाल रहेका थिए। पहिलो पटक गठन गरेको आयोगले काम सम्पन्नगर्न नसकी कार्यावधी समाप्त भएकोले २०७६/१०/०५ सम्म आयोग पदाधिकारी बिहिन अवस्थामा रहेको थियो। नेपाल सरकारले करिब ९ महिना पछि अर्थात २०७६/१०/०६ मा दोस्रो पटक आयोग पुनः गठन गरेको थियो। दोस्रो आयोगले ०७९ असार मसान्तसम्म (दुई वर्ष ६ महिना) काम गरे पश्चात दोस्रो

पटक गठन भएको आयोगको कार्यावधी समाप्त भएकोले आयोग पुनः पदाधिकारी बिहिन हुन पुग्यो। पहिलो र दोस्रो पटक गठन भएको आयोगलाई हालसम्म बेपत्ता पारिएका व्यक्तिहरु तथा केही समयमात्र बेपत्ता पारिएका व्यक्ति (आंशिक बेपत्ता) को छानबिन गर्ने अधिकार क्षेत्र रहेको पाइन्छ। उक्त दुई पटक गठन भएका आयोगहरुले सम्पादन गरेको कार्य पृथक रुपमा तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**पहिलो पटक गठन गरेको आयोगले सम्पादन गरेको कामको विवरण**

| क्र.स | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जम्मा उजुरी संख्या | ३१९७ | |
| २ | फस्यौंट उजुरी संख्या | ६८९ | ११४ |
| | • दोहोरो भएकोले लगत कट्टा | १२५ | |
| | • TRC पठाएको संख्या | ४१४, फिर्ता आएको १३७ | बाँकी २७७ |
| | • तामेली राखेको संख्या | २८९ | (प्रारम्भिक कारबाहीको चरणमा ५७, र प्रारम्भिक छानबिनको चरणमा २३२) |
| ३ | विस्तृत छानबिनमा रहेका उजुरी | २५०८ | |
| ४ | बेपत्ता व्यक्तिको संख्या | २५१८ | ३६ जना आवधिक बेपत्ता |
| | • बेपत्ता पारिएका महिलाको संख्या | २०० | |
| | • बेपत्ता पारिएका पुरुषको संख्या | २३१८ | |

नेपाल सरकारबाट मिति २०७१/१०/२७ मा पहिलो पटक गठन भएको आयोगको कार्यावधि समाप्त भएपछि पुनः दोश्रो पटक मिति २०७६/१०/०६ मा गठन भएको आयोगले पीडितहरुबाट पुनः उजुरीहरु माग गरेको थियो। उक्त आयोग कार्यरत रहेको अवस्थामा कायम रहेको उजुरीको संख्या र सो सम्बन्धी विस्तृत विवरण देहायबमोजिम रहेको छः-

तालिका नं. २

दोश्रो पटक गठन गरेको आयोगले सम्पादन गरेको कार्य विवरण

| सि.न | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पहिलो पटकको आयोगमा दर्ता भई बाँकी उजुरी | ३१९७ | |
| | • दोश्रो पटकको आयोगको अवधिमा परेका उजुरी | ९१ | |
| | • दोस्रो आयोगले कारबाही गर्नुपर्ने उजुरी | ३२८८ | (३१९७+९१) |
| २ | छानबिन भई फछ्यौंट भएका उजुरी | ७४६ | |
| • सत्य निरुपण तथा मेलमिलाप आयोग पठाएको उजुरी | | २७७ | |
| • दोहोरो उजुरी परेको लगत कट्टा गरी एउटै उजुरी कायम | | १३७ | |
| • तामेलीमा राखिएको उजुरी | | ३३२ | |
| ३ | दोस्रो आयोग समाप्त हुँदाका बखत छानबिनमा रहेका उजुरी | २५४२ | |
| | • प्रारम्भिक छानबिनमा रहेका उजुरी | २९ | |
| | • विस्तृत छानबिनमा रहेका उजुरी | २५१३ | |
| | • पूर्ण बेपत्ता भएको उजुरी | २५०८ | |
| | • आंशिक बेपत्ता भएका उजुरी | ४९ | |
| ४ | बेपत्ता पारिएका व्यक्तिको संख्या | २५५७ | कुनै एक उजुरीमा एक भन्दा बढी व्यक्ति बेपत्ता भएको उल्लेख |
| ५ | पीडित परिचयपत्र प्राप्त परिवार संख्या | १३४९ | |
| ६ | पीडित परिचयपत्र प्राप्त व्यक्तिको संख्या | ३९९३ | |
| ७ | राहत पाएका व्यक्तिको संख्या | १३२८ | |
| ८ | राहत सिफारिस गरेका पीडितको संख्या | ५५१ | |
| ९ | राहत सिफारिस गरेकोमा प्राप्त गर्न बाँकी पिडितको संख्या | ४५८ | |

मिति २०७९ साउन १ गतेदेखि आयोग पुनः पदाधिकारी बिहिन रहेको अवस्थामा मिति २०८१।५।१३ मा ऐनमा तेस्रो संशोधन भएको छ। ऐनमा तेस्रो संशोधन गर्दा पीडित, द्वन्द्वरत पक्ष, संक्रमणकालीन न्यायसँग सम्बन्धित नागरिक समाज, अन्तर्राष्ट्रिय संघ संस्था समेत सहमत रहेको पाइन्छ। ऐनमा भएको तेस्रो संशोधनले आंशिक बेपत्ता पारिएका व्यक्तिका उजुरीहरु यस आयोगको कार्यक्षेमा नपर्ने र त्यस्ता उजुरीहरु सत्य निरुपण तथा मेलमिलाप आयोगबाट नै कामकारबाही हुनेगरी व्यवस्था गरेको अवस्था छ। मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई मेलमिलाप र क्षमादान नहुने, पिडकलाई प्रचलित कानून बमोजिम हुने सजायमा कम्तीमा २५% सजाय माग गरी अभियोजनका लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखि पठाउने व्यवस्था रहेका छन्। तथापि, जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनामा कम सजायको मागदावी गर्ने प्रावधान आर्कषित नहुने स्पष्ट गरिएको छ।

मिति २०७९ साउन १ गतेदेखि पदाधिकारी बिहिन भएको आयोगमा नेपाल सरकारको मिति २०८२।०१।३१ को निर्णयानुसार तेश्रो पटक आयोगको गठन भएको छ। उक्त आयोगका पदाधिकारीहरुले मिति २०८२।०२।०५ गते देखि कार्यप्रारम्भ गरेका छन्। आयोगका पदाधिकारीहरुको कार्यावधी चार वर्षको रहेको छ।

नेपालको संविधान (यसपछि "संविधान" भनिएको) को धारा ३०४ को उपधारा (२) मा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरू यसै संविधान बमोजिम भए गरेको मानिनेछ भनि शान्ति प्रक्रिया सम्बन्धमा विगतमा भएका कामकारबाहीलाई वर्तमान संविधानको अपनत्व ग्रहण गरेको पाइन्छ। संविधानको धारा ४२ को उपधारा (५) मा बेपत्ता पारिएका व्यक्तिका परिवार, लगायतका द्वन्द्व पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरेकोले सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिका सन्दर्भमा सत्य अन्वेषण गरी संक्रमणकालीन न्यायको उचित व्यवस्थापन गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आयोगको महत्वपूर्ण भूमिका रहेको छ। मिति २०८२।०१।३१ मा गठन भएको आयोगले बाँकी रहेका उजुरी उपर चार वर्षको अवधिमा बाँकी कार्य (पहिलो र दोस्रो आयोगको कार्य अवधिमा परेका उजुरीको समेत) सम्पादन गर्नुपर्ने जिम्मेवारी रहेको छ। जसको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ३

हाल आयोगमा रहेका उजुरीको कारबाही सम्बन्धी विवरण

| सि.न. | विवरण | उजुरी संख्या | कैफियत |
|---|---|---|---|
| १ | आयोगमा दर्ता भएका कुल उजूरी संख्या | ३३५८ | ८ थान तामेलीबाट जागिएको उजुरी सहित ३३६६ थान |
| २ | फछ्र्यौट भएका उजुरी संख्या | ७५६ | |
| | ▪ सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाएको उजूरी संख्या | २८० | |
| | ▪ दोहोरो उजूरी परेकोमा लगत कट्टा भएको उजूरी संख्या | १३९ | |
| | ▪ तामेलीमा राखिएको उजूरी संख्या | ३३७ | |
| ३ | विस्तृत छानबिनको लागि आयोगबाट निर्णय भएको उजूरी संख्या | २६०२ | |
| ४ | उजूरीका आधारमा बेपत्ता पारिएका व्यक्ति | २६१७ | |
| ५ | विस्तृत छानबिनको प्रथम चरणको (Initial Investigation) कार्य सम्पन्न भएको जिल्ला | ७५ | मनाङ र मुस्ताङमा उजुरी नपरेको। |
| ६ | पीडित परिवारले राहत पाएको जम्मा संख्या | १३७० | आयोगबाट सिफारिस भएका मध्ये ९३ जनाले राहत पाएको समेत । |
| ७ | आयोगबाट राहतको लागि सिफारिस भई पाउन बाँकी संख्या | ४५८ | आयोगबाट सिफारिस भएका ५५१ जना मध्ये ९३ जनाले राहत पाएको र बाँकी ४५८ जना रहेको । |
| ८ | पीडित परिचयपत्र प्राप्त परिवार संख्या | १३४९ | ८ जिल्लामा परिचयपत्र वितरण शुरू हुन बाँकी रहेको । |

| | | | |
|---|---|---|---|
| | | | (सुनसरी, बारा, सिन्धुली, गुल्मी, पाल्पा, रूकुम पूर्वी भाग, जुम्ला र मुगु) |
| ९ | पीडित परिचयपत्र प्राप्त व्यक्तिको संख्या | ३९९३ | |
| १० | नयाँ दर्ता उजुरी संख्या | ७० | (जम्मा उजुरी १०१ प्राप्त भएकोमा ७० उजुरी दर्ता भएको) |

**कार्य योजनाको उद्देश्यः**

नेपालमा वि.सं.२०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गतेसम्म नेकपा (माओवादी) र राज्यपक्षबीच चलेको सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षहरुबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा छानबिन गरी सत्यतथ्य पत्ता लगाउने, पीडितहरुका लागि राहत, क्षतिपूर्ति तथा परिपूरण सिफारिस गर्ने, बेपत्ता पार्ने कार्यसँग सम्वन्धित व्यक्तिहरुलाई कारबाहीका लागि सिफारिस गर्ने तथा सशस्त्र द्वन्द्वका अर्न्तनिहित कारण एंव भविष्यमा द्वन्द्व दोहोरिन नदिने उद्देश्यले मिति २०६३ साल कार्तिक २२ गते राजनीतिक दल र नेकपा माओवादीका नेताहरुको बैठकले १० वर्षे सशस्त्र द्वन्द्व टुङ्गोमा पुऱ्याउने निर्णय गरे बमोजिम मिति २०६३ साल मंसीर ५ गते विस्तृत शान्ति सम्झौतामा संयुक्त हस्ताक्षर गरी सशस्त्र द्वन्द्वलाई समाप्त गरिएको थियो। यसरी लामो समय देखि मुलुकमा भइरहेको अशान्ति र द्वन्द्वको अन्त्य गर्दै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको थियो। नेपाल सरकारले सशस्त्र द्वन्द्वका क्रममा घटेका घटनाका पीडितहरुलाई न्याय दिने उद्देश्यका साथसाथै जनसमक्ष न्यायको विजारोपणका लागि विश्वास जित्ने कामगर्नको लागि २०७१ सालमा आयोग गठन गरिएको थियो। विभिन्न कारणले नेपाल सरकारले गठन गरेको पहिलो र दोस्रो आयोगले ऐनको उद्देश्य अनुरुप सफलता प्राप्त गर्नसकेन। फलस्वरुप मिति ०८२ बैशाख ३१ गते नेपाल सरकारले संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन तेस्रो पटक आयोग गठन गरेको छ। हाल कायम रहेको आयोगको जिम्मेवारी देहाय बमोजिम रहेको छः-

- आयोगमा बाँकी रहेका उजुरीहरुको विस्तृत अध्ययन गर्ने,
- आयोग गठन भएको मितिले तीन महिनाभित्र उजुरी आह्वान गरी उजुरी लिने,
- बेपत्ता पारिएका व्यक्तिको सत्य अन्वेषण गर्ने,
- उजुरीहरु उपर प्रारम्भिक कारवाही र छानबिन गर्ने,
- उजुरीहरु उपर अनुसन्धान गर्ने,

- सार्वजनिक सुनुवाई गर्ने,
- पीडित परिचयपत्र वितरण गर्ने,
- राहतको लागि नेपाल सरकारमा सिफारिस गर्ने,
- बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति व्यवस्थापन,
- DNA बैङ्क स्थापना गर्ने,
- आवश्यकतानुसार शव उत्खनन् तथा परीक्षण गराउने,
- व्यक्ति बेपत्ता पार्ने घटनाको प्रवृत्ति, प्रकृति, गाम्भीर्यता तथा सशस्त्र द्वन्द्वरत पक्षहरुले गरेको कार्यको विश्लेषण गर्ने,
- व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न बारे अन्वेषणको प्रकृया निर्धारण सत्य अन्वेषण तथा अभिलेखिकरण गरी वास्तविक तथ्य पत्ता लगाउने,
- पीडित वा पीडित परिवारलाई उपलब्ध गराउनुपर्ने परिपूरण तथा सामुहिक परिपूरणको कार्यक्रम सिफारिस गर्ने,
- व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न व्यक्तिलाई Vetting को लागि सिफारिस गर्ने,
- व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न देखिएका व्यक्ति उपर मुद्दा चलाउन महान्यायाधिवक्ताको कार्यालयमा सिफारिस गर्ने।

## ३. आयोगको संगठन संरचना र मानव स्रोत व्यवस्थापनः

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ बमोजिम आयोगमा एकजना अध्यक्ष र कम्तिमा एकजना महिला सहित चारजना सदस्य गरी जम्मा पाँचजना सदस्य रहने व्यवस्था रहेको छ। आयोग अस्थायी प्रकृतिको संगठन भए तापनि यसको हैसियत संवैधानिक निकाय सरहको रहेको छ। यसको सम्पूर्ण आर्थिक तथा प्रशासनिक दायित्व नेपाल सरकारमा रहेको छ। यस आयोगमा निजामति सेवा अन्तर्गतका विभिन्न सेवा समूहका कर्मचारीहरु रहने गरेका छन्। आयोगमा रहने कर्मचारीको व्यवस्थापकीय कार्यका लागि प्रत्येक आर्थिक वर्षमा संगठन संरचना र कर्मचारीहरूको अस्थायी दरबन्दी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्छ। नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ। जसअनुसार हालसम्म आयोगमा नेपाल न्याय सेवा, सरकारी वकील समूहको सचिव (रा.प.विशिष्ट श्रेणी) सहित सत्तरी जना कर्मचारीहरूको दरबन्दी रहेको छ।

आयोगको लागि आवश्यकपर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ। त्यसरी कर्मचारी उपलब्ध गराउँदा सम्बन्धित निकायले आयोगसँग परामर्श गर्नुपर्नेछ। आयोगमा कार्यरत

कर्मचारीलाई नेपाल सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ। कुनै कारणबस आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसँग नभएमा वा आयोगले मागगरे बमोजिमको सङ्ख्यामा मन्त्रालयले कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ। आयोगले करारमा नियुक्त भएको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा सुविधा आयोगले तोकेबमोजिम हुनेछ। आयोगले नियुक्त गरेको करारको त्यस्तो कर्मचारीको पारिश्रमिक र सुविधा आयोगमा कार्यरत नेपाल सरकारका समान श्रेणी वा तहका कर्मचारीको भन्दा बढी हुनेछैन। आयोगमा कार्यरत कर्मचारीहरुले आयोगबाट तोकेबमोजिम भत्ता तथा सुविधा पाउनेछन्। आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (यसपछि "मन्त्रालय" भनिएको) मार्फत राख्नुपर्नेछ। मन्त्रालयले "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान" (Nepal Administrative Staff College) सँग सहकार्य गरी आवश्यक जनशक्ति व्यवस्थापनको प्रक्रिया अगाडी बढाएको अवस्था छ।

## ४. आर्थिक स्रोत व्यवस्थापनः

आयोगको कामकारबाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य स्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ। आयोगलाई प्राप्तभएको रकम आयोगले कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नुपर्नेछ। आयोगको सम्पूर्ण खर्च आयोगले कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिएको रकमबाट व्यहोरिनेछ।

<u>आयोगको काम, कर्तव्य र अधिकार</u>[1]

(क) मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य पत्ता लगाउने,

(ख) मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रवृत्ति, प्रकृति, गम्भीरता तथा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वका पक्षहरूले गरेका कार्यको विश्लेषण गर्ने,

(ग) मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनको बारेमा अन्वेषणको प्रकृया निर्धारण गरी सत्य अन्वेषण गर्ने,

(घ) सशस्त्र द्वन्द्वका अन्तर्निहित कारणहरूको पहिचान गरी भविष्यमा मानव अधिकार उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना हुन नदिने सुनिश्चितताको लागि गरिनुपर्ने नीतिगत, कानुनी तथा संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने,

---

१ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३

(ङ) मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा संलग्न व्यक्तिलाई परीक्षण (भेटिङ्) का लागि सिफारिस गर्ने,

(च) पीडित तथा पीडकको यकिन गर्ने,

(छ) पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(ज) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(झ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,

(ञ) पीडितलाई परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने,

(ट) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानबिन गर्ने,

(ठ) सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरू आयोगले छानबिन गर्ने,

(ड) कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्ने,

(ढ) बेपत्ता पारिएका व्यक्तिको घटना बाहेक मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोगले छानबिन गर्ने,

(ण) आयोगले मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबिन देहायको आधारमा गर्न सक्नेः-

(१) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजुरी दिएमा,

(२) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,

(३) आयोगले छानबिन गर्न उपयुक्त सम्झेमा ।

(ट) ऐनमा तेस्रो संशोधन प्रारम्भ हुनुअघि आयोगले उजुरी मागगरेको अवधिभित्र काबुबाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिनसक्ने र त्यसरी दिएको उजुरीमा उल्लिखित आधार र कारण मनासिब देखिएमा आयोगले छानबिन गर्ने,

(ठ) आयोगमा उजुरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले छुट्टै व्यवस्था गर्नसक्ने,

(ड) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको उल्लङ्घन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाको उजुरी राष्ट्रिय मानव अधिकार आयोग वा राष्ट्रिय महिला आयोग लगायतका विभिन्न निकायमा दर्ता भई त्यस्ता आयोग वा निकायमा विचाराधीन रहेको पीडितको निवेदन वा अन्य कुनै स्रोतबाट आयोगलाई जानकारी हुन आएमा आयोगले त्यस्ता उजुरी छानबिन गर्ने प्रयोजनका लागि त्यस्ता उजुरी र सोसँग सम्बन्धित विवरण सम्बन्धित आयोग वा निकायसँग माग गर्नसक्ने,

(ढ) आयोगको पहुँच पीडित समक्ष प्रभावकारी रूपमा पुऱ्याउन आयोगले आवश्यकता अनुसार प्रदेश र जिल्ला वा स्थानीय तहमा कार्यालय वा संयन्त्र स्थापना गर्नसक्ने।

## ५. आयोगले सम्पादन गर्नुपर्ने मुख्य मुख्य कार्यः

१. सत्य अन्वेषण

(क) आवश्यकतानुसार सत्य अन्वेषण कक्ष (Truth house) निर्माण,

(ख) सत्य अन्वेषणको लागि फाराम बनाई पीडितको राय लिने,

(ग) सत्य अन्वेषणबाट घटनाको प्रवृति र प्रकृतिको अध्ययन गर्ने।

२. छानबिन

(क) पीडितको भनाई (Statement Taking) लिने,

(ख) आवश्यकतानुसार मनोपरामर्श सेवा उपलब्ध गराउने,

(ग) सर्जमिन गर्ने,

(घ) सार्वजनिक सुनुवाई गर्ने,

(ङ) आरोपितको बयान गराउने,

(च) पीडितको परिपूरण फाराम भराउने,

(छ) साक्षी बुझ्ने र बकपत्र गराउने,

(ज) दशी प्रमाण संकलन तथा प्रमाण बुझ्ने,

(झ) मुद्दा चलाउनु पर्ने देखिएका व्यक्ति उपर मुद्दा चलाउन घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नुपर्ने।

३. राहत तथा परिपूरण सिफारिस,

४. भेटिङ (Vetting),

५. DNA Sampling and Profiling,

६. DNA Forensic Lab स्थापना,

७. शव उत्खनन् तथा परीक्षण,

८. पीडित परिचयपत्र छपाई र वितरण,

९. बेपत्ता पारिएका व्यक्तिको सम्पत्ति व्यवस्थापन,

१०. पदाधिकारी र कर्मचारीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, अध्ययन, अवलोकन तथा अनुभव आदानप्रदान,

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्य अभिवृद्धि,

१२. विभिन्न विधाका विज्ञहरुसँग समन्वय र सहकार्य,

१३. अन्तरिम तथा अन्तिम प्रतिवेदन तयारी र पेश,

१४. द्वन्द्व नदोहोरिने प्रतिवद्धता र नीतिगत, कानूनी, संस्थागत तथा प्रशासनिक सुधार सम्बन्धी सिफारिस,

१५. सम्बन्धित सरकारी निकायहरू र सुरक्षा बलहरूसँग समन्वय,

१६. सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार कार्यान्वयन सुनिश्चित,

१७. बेपत्ता पारिएका व्यक्तिहरूको पहिचान र घटनाको तथ्याङ्क सङ्कलन र संरक्षणका लागि डिजिटल रेकर्ड प्रणाली विकास,

१८. सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक समर्थन कार्यक्रम सञ्चालन गरी पीडित परिवारहरूको मनोबल उच्च बनाउने,

१९. सत्यसहितको न्याय सुनिश्चित गर्न र पीडित परिवारहरूलाई सम्मानजनक राहत प्रदान गर्न समर्पित विशिष्ट कार्यदल गठन,

२०. पीडित परिवारलाई मुआब्जा र क्षतिपूर्ति वितरणको प्रक्रिया सहज र पारदर्शी बनाउनु,

२१. सत्यता र न्यायका लागि शान्तिपूर्ण प्रदर्शन र संवाद कार्यक्रम आयोजना गर्नु,

२२. बेपत्ता पारिएका व्यक्तिहरूको घटनाको अध्ययन गरी दीर्घकालीन नीति निर्माणमा सहयोग पुऱ्याउनु,

२३. आयोगको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन र अनुगमनको लागि नियमित समीक्षा र प्रतिवेदन प्रणाली स्थापना गर्नु,

२४. अधिकार प्रवर्द्धन र शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी मानव अधिकार र न्यायिक जागरूकता फैलाउनु,

२५. सामाजिक एकता र मेलमिलाप प्रवर्द्धन गर्न कार्यक्रमहरू आयोजना गर्नु,

२६. प्रभावित समुदायमा सरकारी निकायहरूबीच सुदृढ समन्वय गर्नु।

## ६. कार्यक्षेत्र

यस आयोगमा दर्ता भएका उजुरी अध्ययन गर्दा ७५ वटा जिल्लामा सशस्त्र द्वन्द्वको समयमा घटना घटेको देखिएको छ। तसर्थ आयोगको कार्यक्षेत्र ७५ जिल्लामा रहनेछ। मनाङ्ग र मुस्ताङ्ग जिल्लामा सशस्त्र द्वन्द्वको समयमा कुनै पनि घटना घटेको अभिलेखबाट देखिँदैन। आयोगले सबै भन्दा कम प्रभावित जिल्ला देखि सशस्त्र द्वन्द्वमा बढी प्रभावित भएका सबै जिल्लालाई समान प्राथमिकतामा राखेर बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको छानबिन, अनुसन्धान तथा अभियोजनको सिफारिस समेतगर्ने रहेको छ।

## ७. कार्यावधिः

ऐनको दफा ३८ को उपदफा (१) बमोजिम यस आयोगका अध्यक्ष तथा सदस्यको पदावधी नियुक्ति भएको मितिले चार वर्ष अर्थात २०८६ बैशाख मसान्तसम्म रहनेछ सो अवधिभित्र आयोगबाट शान्ति प्रक्रियाको काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले कार्य प्रगतिको आधारमा कामसम्पन्न गर्नलाग्ने समयको अनुमान गरी आयोगको कार्यावधि थपगर्न सक्नेछ। आयोगले चार वर्षभित्रको अवधिभन्दा अगावै शान्ति प्रकृयाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मिति देखि आयोगको कार्यावधि समाप्त भएको मानिनेछ।

## ८. कार्य पद्धतिः

आयोगको कार्य पद्धति सामूहिक किसिमको निर्णयबाट हुनेछ। आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकता अनुसार बस्नेछ। कुनै अवस्थामा अध्यक्षको अनुपस्थितिमा सदस्यहरुसँगको परामर्शमा सचिवले तोकेको स्थान, मिति र समयमा आयोगको बैठक बस्नेछ। आयोगको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। आयोगको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्ठ सदस्यले गर्नेछ।

आयोगको निर्णय सर्वसम्मतबाट गरिनेछ। यसरी सर्वसम्मतबाट निर्णय हुन नसकेमा आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले

निर्णायक मत दिनेछ। आयोगको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ। आयोगले चाहेमा आयोगको कामकारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रुपमा भागलिन आमन्त्रण गर्न सक्नेछ। आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ।

आयोगले स्वतन्त्र र निष्पक्ष रुपले आफ्नो काम सम्पादन गर्नुपर्नेछ। आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडित केन्द्रित, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री हुनेगरी पारदर्शीरुपमा गर्नुपर्नेछ। कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असरपर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानबिन प्रकृयालाई प्रतिकूल असरपार्ने कामकारबाही गोप्य रुपमा गर्न सकिनेछ। आयोगले आफ्नो कामकारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्नसक्नेछ ।

आयोगले कसै प्रति झुकाब, मोलाहिजा वा वदनियत राखी कामगर्न हुँदैन। आयोगले आफ्नो कामकारबाही गर्दा मानव अधिकार तथा न्यायका सर्वमान्य सिद्धान्तलाई पालना गर्नु पर्नेछ। आयोगबाट छानबिन तथा कारबाही गर्नुपर्ने व्यक्ति आयोगका कुनै सदस्यको नातेदार भएमा वा कुनै कारोबारको सिलसिलामा निजसँग प्रत्यक्षरुपमा सम्बन्धित भएमा सो सदस्यले त्यस्तो छानबिन तथा कारबाहीमा संलग्न हुनुहुँदैन।

## ९. आयोगले गर्नुपर्ने बाँकी जिम्मेवारीः

आयोग गठन भएपछि बाँकी रहेका कामकारबाहीको टुंगो लगाउन जरुरी रहेको छ। आयोगले तत्काल कार्य संचालनको लागि ऐन बमोजिम उजुरीको आह्वान गर्ने, ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन, नियमावलीको मसौदा उपर छलफल गरी गराई नेपाल सरकारको मन्त्रालयमा परामर्श दिने, प्रदेश र जिल्लास्तरमा आयोगको संयन्त्रको स्थापना, विभिन्न निकाय र संघ संस्थामा रहेका उजुरी छानबिनको लागि मागगर्ने, आवश्यकता अनुसार सत्यअन्वेषण कक्ष स्थापना, अनुसन्धानकर्ता तथा संक्रमणकालीन विज्ञ (TJ expert) को नियुक्ति, अन्वेषणको प्रक्रिया, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविकता पत्ता लगाउने, आयोगको कार्यक्षेत्र अन्तर्गतको विषयमा पीडित, सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग छलफल गर्ने, श्रव्य दृष्य कक्षको निर्माण, प्रारम्भिक कारबाही र छानबिन, DNA Bank स्थापना, DNA Sampling and Profiling, सार्वजनिक सुनुवाई, परिपूरण सम्बन्धी समन्वय र परामर्श, राजनीतिक दलहरुसँग अन्तरक्रिया, स्थानीय तह र स्थानीय प्रशासनसँग सूचना संकलन, छलफल तथा अभिमुखिकरण कार्यक्रम, पीडितलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने, स्वास्थ्य उपचारको लागि सिफारिस गर्ने, अन्तरिम राहत तथा राहतको लागि नेपाल सरकारमा सिफारिस, पीडितको जफत

वा कब्जा भएको सम्पति फिर्ता वा अन्य व्यवस्थापन व्यवस्था गर्न सिफारिस गर्ने जस्ता कार्य गर्न आवश्यकता अनुसार कानून बमोजिमको कार्य गर्नुपर्नेछ।

आयोगलाई आवश्यक पर्ने आन्तरिक कार्यविधि तथा मापदण्डको निर्माण, आवश्यक सामग्री तथा O&M अनुसार कर्मचारी नेपाल सरकारसँग मागगरी व्यवस्थापन, आयोगको तथ्याङ्कको अभिलेखीकरण तथा अध्ययन गर्नुपर्नेछ।

ऐनमा भएको तेस्रो संशोधन प्रारम्भ हुनु अघि बनेका आयोगले उजुरी मागगरेको अवधिभित्र काबुबाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्ने छ भन्ने व्यवस्था भए बमोजिम आयोगका अध्यक्ष र सदस्यहरुले पद बहाली गरेको मितिबाट ३ महिनाको अवधि दिएर यस अघी उजुरी दिन छुटेका पीडितहरुबाट पुनः उजुरी आह्वान गरिएको थियो। उक्त उजुरीको आह्वानको सार्वजनिक जानकारीको लागि सामुदायिक रेडियो मार्फत सूचना संप्रेषण गरिएको थियो। त्यसै गरी उक्त सूचना राष्ट्रिय स्तरको गोरखापत्रमा समेत उजुरी आह्वानको सूचना प्रकाशित गर्नुको साथै आयोगको Web site मा समेत प्रकाशित गरिएको थियो। आयोगको कार्यालय काठमाण्डौंमा उपस्थित भई उजुरी दिननसक्ने उजुरीकर्ताका लागि सहजता प्रदानगर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा (जिल्ला समन्वय समिति समेत) र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सातवटा प्रदेशमा उजुरी दिन सहजीकरण गरिदिनको लागि प्रत्राचार गरी सबै जिल्लाबाट उजुरी संकलन गरिएको छ। यसरी उजुरी आह्वान गरेपछिको तीन महिनाको अवधिमा (२०८२ भदौ ४ गतेसम्म) करिब १०१ वटा उजुरी परेको अवस्था छ।

त्यसै गरी ऐन बमोजिम आयोग गठन हुनु अघी राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायत अन्य संवैधानिक निकाय वा संघ संस्थामा रहेका संक्रमणकालीन न्यायसँग सम्वन्धित उजुरी मागगरी कामकारबाही अगाडी बढाउन सक्ने व्यवस्था रहेको छ।

उजुरीमा उजुरीकर्ताले व्यक्ति बेपत्ता पारेको पक्षका व्यक्ति यकीन गरी किटानी उजुरी दिएको अवस्थामा सो आरोपित व्यक्तिलाई आयोगले उजुरी छानबिन र अनुसन्धानको क्रममा आरोपीत व्यक्तिको बयान, पीडितको भनाई (statement taking) का लागि समेत श्रव्य दृष्य कक्षको प्रयोग गरी कामकारबाही अगाडी बढाउने र अन्य आवश्यक सुरक्षा व्यवस्था मिलाउनुका साथै भिडियो कन्फरेन्स गर्नका लागि विद्युतीय श्रव्य दृष्य प्रविधीको प्रयोग गर्नसक्नेछ।

छानबिन र अनुसन्धानको क्रममा आयोगलाई आवश्यक लागेमा पीडित र पीडित परिवारको सहमतिमा बेपत्ता व्यक्तिको हत्या गरी लास गाडेको भन्ने प्रमाणबाट पुष्टि हुनआएमा शव उत्खननको लागि सम्भावित स्थानको सर्वेक्षण गरी Forensic expert को सहयोग लिई बेपत्ता व्यक्तिको शव उत्खनन गर्नसक्नेछ। सो कार्यका लागि आयोगले स्थलगत निरीक्षणमा सहभागी समूहमा आवश्यकता अनुसार टोली गठन गर्नेछ। उक्त टोलीमा चिकित्सक, विधीविज्ञानविद, पुरातत्वविद, मानवशास्त्री, प्याथोलोजिष्ट, मानव अधिकार आयोगको प्रतिनिधि, स्थानीय तहको जनप्रतिनिधि, सम्भव भएसम्म पीडित परिवारको सदस्य, अन्तर्राष्ट्रिय मानव अधिकारकर्मी, सुरक्षा निकायका प्रतिनिधि संलग्न गर्नुपर्नेछ। यसरी शव उत्खनन गर्नु अघी सम्बन्धित पीडित परिवारको सदस्यको DNA sample collection and profiling गरी र परिक्षण गर्नुपर्नेछ। यसरी शव उत्खनन् पछि संकलित शवको अवशेष परीक्षणको लागि नेपाल सरकारको आधिकारिक Forensic Lab मा पठाई बाँकी रहेको अवशेष सुरक्षाका साथ व्यवस्थापन गर्नुपर्नेछ। शवको अवशेष परीक्षण परिवारको सदस्यबाट लिएको DNA को Report सँग मिलान भिडान भए नभएको टुंगो लागेपछि सम्बन्धित परिवारको बेपत्ता व्यक्तिको शव पुष्टी भएमा निजको परिवारलाई अन्तिम दाहसंस्कारको लागि हस्तान्तरण गर्नुपर्नेछ।

छानबिन तथा अनुसन्धानको क्रममा पीडकले व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न रहेको देखिएमा आयोगले सो व्यक्ति कुनै पनि सार्वजनिक पद धारण गरेको रहेछ भने उक्त व्यक्तिको बढुवा नगर्न, कुनै विशेष जिम्मेवारी नदिन वा आवश्यक कारबाही गर्न नेपाल सरकार वा निज कार्यरत निकायमा vetting सिफारिस गर्नुपर्नेछ। यसरी आयोगले vetting मा परेको भनी जानकारी दिएको व्यक्तिलाई बढुवा नगर्ने, अन्य कुनै नयाँ जिम्मेवारी वा संवेदनशिल जिम्मेवारी नदिन वा कारबाही गर्न आयोगले लेखी पठाएमा नेपाल सरकार वा सम्बन्धित निकायले आयोगको सिफारिस बमोजिम तुरुन्त कारबाही गर्नुपर्नेछ।

अन्तरिम राहत तथा राहत नपाएका पीडितको लागि नेपाल सरकारमा सिफारिस गर्ने, पीडितले मागगरे बमोजिम परिपूरणको लागि नेपाल सरकारमा सिफारिस समेत गर्नुपर्नेछ। सत्य अन्वेषण, छानबिन तथा अनुसन्धानबाट राज्यपक्ष वा बिद्रोही पक्षका कुनै व्यक्ति दोषी देखिएमा त्यस्तो व्यक्ति उपर कानूनी कारबाहीका लागि आयोगले महान्यायाधिवक्ताको कार्यालयमा अभियोजनका लागि सिफारिस गर्नुपर्नेछ।

आयोगको चार वर्षको कार्ययोजना र वार्षिक कार्ययोजना निम्नानुसार तयार गरिएको छः-

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नेपाल
## भद्रकाली प्लाजा, काठमाडौ
## चारवर्षे कार्ययोजना (२०८१/०८२ देखि ०८५/०८६ सम्म)

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उजुरी आह्वान | १. उजुरी लिने कार्य गर्ने, | | • उजुरी आह्वान गर्ने,<br>• ऐन बमोजिम ३ महिनाको समायावधी दिई उजुरी आह्वान गर्ने,<br>• पीडित तथा स्थानीय तहलाई उजुरी आह्वान सम्बन्धी सूचना सम्प्रेषण गर्ने | २०८२ भाद्र ४ गतेसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | जिल्ला प्रहरी कार्यालय, ICRC, INSEC, NHRC, OPMCM, MOFAGA, जिल्ला सरकारी वकील कार्यालय, जिल्ला समन्वय समिति | उजुरी प्राप्त भएको हुने | |
| २ | कानूनी सुधार | १. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोष (सञ्चालन तथा व्यवस्थापन) नियमावलीको मस्यौदा उपर परामर्श, | | • कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त मस्यौदा उपर परामर्श दिन समिति गठन गर्ने,<br>• राय सुझाव लिने,<br>• नियमावलीको मस्यौदामा परामर्श दिने, | २०८२ असारसम्म | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकारबाट कोष नियमावली स्वीकृत भई कार्यान्वयनमा आउने | |
| | | २. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावलीको मस्यौदा उपर परामर्श | ऐनको तेस्रो संशोधन अनुरूप बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावलीको मस्यौदामा परामर्श दिने | • मस्यौदा तयार गर्न सरोकारवालाहरुसँग छलफल गर्ने,<br>• कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्राप्त मस्यौदा उपर परामर्श दिन समिति गठन गर्ने,<br>• मस्यौदा उपर छलफल गरी प्राप्त सुझाव संकलन गर्ने,<br>• विषयगत विज्ञहरूबाट राय सुझाव लिने र मस्यौदा तयार गर्ने,<br>• नियमावलीको मस्यौदामा परामर्श दिने, | २०८२ मंसिरसम्म | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपाल सरकारबाट नियमावली स्वीकृत भई लागु भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३. आयोगको चार वर्ष र प्रत्येक वर्षको कार्ययोजना तयार गर्ने | | • कार्ययोजना तयार गर्न समिति गठन गर्ने,<br>• आयोगको कार्ययोजना स्वीकृत गर्ने, | २०८२ चैत्रसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | | आयोगको कार्ययोजना तयार हुने | |
| | | ४. आन्तरिक कार्यविधि, प्रक्रिया निर्धारण, मापदण्ड, आचार संहिता निर्माण, | | • समिति गठन, मस्यौदा तयारी र मस्यौदा स्वीकृत गर्ने,<br>• आयोगमा रहेका विभिन्न कार्यविधि, आचार संहिता तथा मापदण्ड पुनरावलोकन गर्न समिति गठन, प्रक्रिया निर्धारण मस्यौदा तयारी र मस्यौदा स्वीकृत, | २०८२ चैत्रसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र कार्यविधि, प्रक्रिया निर्धारण,मापदण्ड, आचार संहिता आयोगबाट स्वीकृत हुने, |
| ३ | **संस्थागत सुधार** | १. आयोगको प्रदेश र जिल्ला वा स्थानीय तहमा कार्यालय वा संयन्त्र स्थापना, | आयोगको संस्थागत सुधार तथा ऐनले व्यवस्था गरेको ईकाइहरूको गठन तथा आयोगको कामकारबाहीको लागि प्रदेश, जिल्ला र स्थानीय तहमा आवश्यकता अनुसार संयन्त्र स्थापना गर्ने | • तालुक निकाय तथा सरोकारवालाहरुसँग समन्वय गरी प्रदेश, जिल्ला वा स्थानीय तहमा संयन्त्र स्थापना गर्ने<br>• जिल्ला सरकारी वकिल कार्यालय तथा उच्च सरकारी वकिल कार्यालयसँग समन्वय गर्ने, | आवश्यकता अनुसार | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सरकारी वकील कार्यालयहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरु | आवश्यकता अनुसार संयन्त्र स्थापना हुने | नेपाल सरकारबाट O&M स्वीकृत भएपछि आवश्यकता अनुसार संयन्त्र स्थापना हुनसक्ने |
| | | २. संगठन तथा जनशक्ति व्यवस्थापन (O&M) गर्ने, | | • अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गर्ने,<br>• नेपाल सरकारबाट O&M स्वीकृत भएपछि आवश्यकता अनुसार जनशक्ति माग गरी व्यवस्थापन गर्ने, | २०८२ चैत्रसम्म | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बेपत्ता पारिएका व्यक्तिको छानबिन | नेपाल सरकारबाट O&M स्वीकृत भएपछि कर्मचारीको परिपूर्ति हुने, जनशक्ति व्यवस्थापन भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आयोग, महान्यायाधिवक्ताको कार्यालय | | |
| | | ३. DNA बैङ्क तथा फरेन्सिक ल्याव स्थापना (Forensic Lab/Digital Forensic Lab (DFL)) | | • DNA बैङ्क तथा फरेन्सिक ल्याव स्थापना गर्न (Forensic Lab/Digital Forensic Lab (DFL)) नेपाल सरकार तथा दातृ निकायसँग छलफल/समन्वय गर्ने,<br>• नेपाल सरकारको अनुमती प्राप्त विधिविज्ञान प्रयोगशालाहरूसँग परिक्षण लगायतका कार्यहरूको लागि आवश्यक समन्वय गर्ने। | २०८३ पुससम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र विधिविज्ञान प्रयोगशाला | DNA lab स्थापना भएको हुने | |
| ४ | **सार्वजनिक सुनुवाई** | सार्वजनिक सुनुवाई गर्ने, (सत्य अन्वेषण, छानबिन, अनुसन्धान वा प्रतिवेदन लेखन चरण) | पीडित वा सम्बन्धित सरोकारवाला निकायसँग सत्य अन्वेषणको लागि सार्वजनिक सुनुवाई गर्ने | • पीडित, स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग छलफल, अन्तरक्रिया गर्ने,<br>• सार्वजनिक सुनुवाई गरी घटनाको सत्य तथ्य उजागर गर्ने र सोको प्रतिवेदन आयोगमा पेश गर्ने,<br>• आवश्यकता अनुसार तालुक निकायहरुसँग समन्वय गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | स्थानीय तह, द्वन्द्व पीडितसँग सम्बन्धित संघ संस्था वा निकाय, जिल्ला स्थित सरकारी तथा सुरक्षा निकाय, नागरिक समाज | पीडित तथा सरोकारवालासँग सार्वजनिक सुनुवाई भएको हुने। | |
| ५ | **सत्य अन्वेषण** | १. सत्य अन्वेषण कक्ष, स्थापना (Truth House), Statement Taking (इर्न्टन, अनुसन्धानकर्ता, द्वन्द्वविद्, TJ Experts, Report Writer, विज्ञहरूको नियुक्ति समेत) | | • आवश्यकता अनुसार सत्य अन्वेषण कक्ष आवश्यक स्थानमा स्थापना (Truth House) गर्ने,<br>• सत्य अन्वेषण कार्यको लागि अनुसन्धानकर्ता, द्वन्द्वविद्, TJ Experts, Report Writer, विज्ञहरूको नियुक्ति गर्ने<br>• सत्य अन्वेषण प्रतिवेदन तयार गर्ने। | २०८४ पुससम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | स्थानीय तह, जिल्ला तथा उच्च सरकारी वकिल कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, NHRC, जिल्ला प्रशासन कार्यालय र जिल्लास्थित सुरक्षा निकाय, नागरिक समाज, द्वन्द्वसँग सम्बन्धित संघ संस्था तथा पीडित | घटनाको सत्य तथ्य उजागर हुने। | |
| | | २. Stakeholder Mapping सरोकारवाला | | • विज्ञहरुसँग छलफल गर्ने। | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | | सरोकारवाला निकायहरूसँग छलफल, समन्वय र | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निकायहरूसँग छलफल, समन्वय र अन्तरक्रिया गर्ने, (सत्य अन्वेषण, छानबिन, अनुसन्धान, प्रतिवेदन) | | | | | | अन्तरक्रिया भएको हुने। | |
| | | ३. व्यक्ति बेपत्ता पार्ने घटनाको प्रवृत्ति, प्रकृति, गम्भीरता तथा सशस्त्र द्वन्द्वका पक्षहरूले गरेको कार्यको विश्लेषण गर्ने, | | • समग्र उजुरीहरुको अध्ययन, घटनाको छानबिन र विश्लेषण गर्ने,<br>• सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावको विश्लेषण गर्ने। | २०८५ चैत्रसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | | व्यक्ति बेपत्ता पार्ने घटनाको प्रवृत्ति, प्रकृति, गम्भीरता तथा सशस्त्र द्वन्द्वका पक्षहरूले गरेको कार्यको विश्लेषण भएको हुने। | बिश्लेषण गरी सत्य तथ्य पत्ता लागी प्रतिवेदन लेखनमा सहयोग पुग्ने |
| | | ४. व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न व्यक्तिहरूको बारे सत्य अन्वेषणको प्रकृया निर्धारण, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य पत्ता लगाउने, | | • सत्य अन्वेषणको प्रकृया निर्धारण,<br>• सत्य अन्वेषणको बारेमा प्राप्त अभिलेखन। | २०८५ चैत्रसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | | व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न व्यक्तिहरूको बारे अन्वेषणको प्रकृया निर्धारण, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य पत्ता लागेको हुने। | |
| ६ | **छानबिन/ अनुसन्धान** | १ घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरी तथा मुद्दाहरूको विवरण सम्बन्धित निकायसँग माग गरी आयोगले छानबिन, | | • राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोग लगायतका विभिन्न निकायमा दर्ता भएका उजुरीहरूको विवरण संकलन गरी, आवश्यकता अनुसार मिसिल कागजात माग गर्ने,<br>• विभिन्न अदालत तथा निकायमा विचाराधिन मुद्दाहरू सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानबिन गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | नेपाल प्रहरी, NHRC, NWC, अदालत, OHCHR, संवैधानिक अंगहरु | उजुरी प्राप्त भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २. श्रव्य दृष्य कक्षको निर्माण गर्ने, अनुसन्धान विज्ञ छनोट तथा भर्ना, (अनुसन्धानकर्ता, विधि विज्ञान विशेषज्ञ) | | • उजुरी उपर अनुसन्धानको लागि आवश्यक स्थानमा आवश्यकता अनुरुप श्रव्य दृष्य कक्षको निर्माण गर्ने,<br>• अनुसन्धान विज्ञ छनोट तथा नियुक्ति | आवश्यकता अनुसार निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | नेपाल सरकार तथा दातृ निकाय | • श्रव्य दृष्य कक्षको निर्माण हुने<br>• अनुसन्धान विज्ञ छनोट तथा नियुक्त भएको हुने | |
| | | ३. उजुरी उपर प्रारम्भिक कारबाही तथा छानबिन, | | • आयोगले उजुरीहरू उपर प्रारम्भिक कारबाही तथा छानबिन, | २०८२ मंसिरसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | आयोगको जनशक्ति, प्रहरी कार्यालय, ICRC, INSEC, NHRC र पीडितसँग काम गर्ने संघ/संस्थाहरु, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय | प्राप्त उजुरी उपर प्रारम्भिक छानबिन भएको हुने | |
| | | ४. उजुरीहरू उपर अनुसन्धान, | • साक्षी बुझ्ने,<br>• बकपत्र गराउने,<br>• आरोपितको बयान गर्ने,<br>• दशी प्रमाण संकलन,<br>• साक्षी तथा अन्य व्यक्तिको संरक्षण गर्ने र प्रमाण बुझ्ने | उजुरीहरू उपर अनुसन्धानको सिलसिलामा<br>• साक्षी बुझ्ने,<br>• बकपत्र गराउने,<br>• आरोपितको बयान गर्ने,<br>• दशी प्रमाण संकलन,<br>• साक्षी तथा अन्य व्यक्तिको संरक्षण गर्ने र प्रमाण बुझ्ने<br>• बयान गराउने<br>• कागज गराउने<br>• खानतलासी बरामदी गर्ने | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | अनुसन्धान टोली, अनुसन्धान अधिकारी, विज्ञ, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ICRC, INSEC, NHRC र पीडित, सरोकारवाला निकाय, नागरिक समाज | आयोगलाई आवश्यक पर्ने प्रमाण जानकारी सूचना प्राप्त भई अनुसन्धान कार्यमा भइरहेको हुने | |
| | | ५. DNA प्रोफाइलिङ गर्ने र DNA परिक्षण गर्ने, | | • DNA प्रोफाइलिङको लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने<br>• DNA परिक्षणका लागि आधिकारीक Forensic Lab हरुसँग सहकार्य र समन्वय गर्ने, | २०८५ पुष सम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ तथा जनसंख्या मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल प्रहरी, विधि विज्ञान प्रयोगशाला | DNA प्रोफाइलिङ भएको हुने | |
| | | ६. शव उत्खनन्, | | • सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी शव उत्खनन् कार्य गर्ने, | २०८५ चैत्र सम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | सुरक्षा निकाय, भूगर्भविद, पुरातत्व विज्ञ, विधिविज्ञान विज्ञ, | शव उत्खनन् भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उत्खनन् सम्बन्धी विज्ञ, स्थानीय तहका जनप्रतिनिधि, NHRC, पीडित परिवार सरोकारवाला निकाय, विधिविज्ञान प्रयोगशाला र स्वास्थ्यकर्मी, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालय | | |
| | | ७. शव परिक्षण गर्ने, | • शव परिक्षण गर्ने,<br>• विधि विज्ञान प्रयोगशाला र DFL (Digital Forensic Lab) बाट परिक्षण गर्ने र प्राप्त प्रतिवेदनको विश्लेषण गर्ने, | • शव परिक्षण गर्ने,<br>• DFL बाट परिक्षण गर्ने र प्राप्त प्रतिवेदनको विश्लेषण गर्ने, | २०८५ चैत्रसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, त्रि.वि.वि., शिक्षण अस्पताल, सुरक्षा निकाय, भूगर्भविद, पुरातत्व विज्ञ, विधिविज्ञान विज्ञ, उत्खनन् सम्बन्धी विज्ञ, स्थानीय तह जन प्रतिनिधि NHRC, पीडित परिवार सरोकारवाला निकाय, विधिविज्ञान प्रयोगशाला र स्वास्थ्य कर्मी | शव उत्खनन् भई शव परिक्षण भएको हुने | |
| ७ | **परिचयपत्र वितरण** | पीडितलाई परिचयपत्र उपलब्ध गराउने | पीडितलाई परिचयपत्र वितरण, | • पीडित पहिचान गर्ने,<br>• परिचयपत्र छपाई गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | स्थानीय तह, जिल्ला स्थित विभिन्न सरकारी | पीडित परिवारको पहिचान भई | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | • पीडित पहिचान गरी आवश्यक कागजात मागगरी परिचयपत्र वितरण गर्ने, | | | कार्यालय तथा निकाय, जिल्ला प्रहरी कार्यालय | परिचयपत्र वितरण भएको हुने, | |
| ८ | मनोसामाजिक परामर्श | पीडितलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने, | आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | • पीडितलाई मानसिक र सामाजिक सहयोग प्रदान गर्नका लागि आवश्यकता अनुसार विज्ञको नियुक्ति गर्ने,<br>• मनोसामाजिक परामर्शको नियुक्ति र काम, कर्तव्यको प्रक्रिया विधि निर्माण गर्ने,<br>• आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्थानीय तह र जिल्ला प्रहरी कार्यालय, मनोसामाजिक परामर्श कर्ता, स्वास्थ तथा जनसंख्या मन्त्रालय, दातृ निकाय | पीडितले आवश्यकता अनुसार मनोसामाजिक परामर्श प्राप्त गरेको हुने | |
| ९ | राहत/परिपूरण सिफारिस | १. स्वास्थ्य उपचारको लागि सिफारिस,<br>२. अन्तरिम राहत, राहत, क्षतिपूर्तिको सिफारिस,<br>३. पीडितलाई उपलब्ध गराउनु पर्ने परिपूरण तथा सामुदायिक परिपूरणको सिफारिस,<br>४. व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न व्यक्तिलाई क्षतिपूर्ति | पीडितहरुलाई के-कस्तो स्वास्थ्य उपचार तथा परिपूरण आवश्यक परेको पीडितसँग समन्वय गरी पहिचान गर्ने | • अन्तरिम राहत तथा क्षतिपूर्तिको निर्धारण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>• परिपूरण फाराम भराई परिपूरणको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>• सामुदायिक परिपूरणको कार्यक्रम आवश्यकता अनुसार पहिचान गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्थानीय तह र नागरिक समाज, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय स्वास्थ मन्त्रालय घटनामा संलग्न सम्बन्धित व्यक्ति कार्यरत सम्बन्धित निकाय | पीडितले स्वास्थ्य उपचार पाएको हुने, पीडितले राहत परिपूरण प्राप्त गरेको हुने, | |
| १० | Vetting सिफारिस | (भेटिङ) को लागि सिफारिस, | | • घटनामा संलग्न व्यक्ति कुनै निकायमा कार्यरत रहेको भए Vetting का लागि अख्तियारप्राप्त निकायमा सिफारिस गर्ने | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पीडक कार्यरत निकाय | आयोगको सिफारिस अनुसार Vetting र विभागीय कारबाही भएको हुने | |
| ११ | क्षमता अभिवृद्धि | आयोगलाई सक्षम बनाउन आयोगका पदाधिकारीहरु तथा कर्मचारीलाई विभिन्न | आयोगमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिका लागि | • अनुसन्धान, कारबाही सिफारिस, परिपूरण, तालिम, कर्मचारी दक्षता वृद्धि सम्बन्धी तालिम, पाठ्यक्रम निर्माण, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ | आयोगका पदाधिकारी तथा कर्मचारीहरुको | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम तथा अभिमुखिकरण गर्ने | आवश्यक तालिम कार्यक्रम संचालन गर्ने। | • तनाव व्यवस्थापन सम्बन्धी पुनर्ताजगीय तालिम, पदाधिकारीहरु, कर्मचारीको लागि Refreshment and strengthening को लागि पीडित मैत्री, पीडित केन्द्रित तथा प्रतिवेदन लेखन तालिम,<br>• फरेन्सिक परीक्षण तथा डि.एन.ए. शव उत्खनन् संकलन सम्बन्धी आधारभूत तालिम,<br>• पदाधिकारी/ कर्मचारीहरुको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान भ्रमण। | | | मन्त्रालय, स्वास्थ्य मन्त्रालय विधि विज्ञान प्रयोगशाला, ICRC, INSEC लगायत साझेदार निकाय | क्षमता अभिवृद्धि भएको हुने | |
| १२ | **समन्वय** | समन्वय गोष्ठी, बैठक, आवश्यक छलफल, अन्तरक्रिया, कार्यशाला | | • घटनाको सत्य अन्वेषण, छानबिन तथा परिपूरण लगायतका आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सत्य निरुपण तथा मेलमिलाप आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, ICRC, INSEC लगायतका निकाय, संघ संस्थाहरूसँग समन्वय गर्ने ,<br>• प्रदेश सरकार तथा जिल्ला स्थित नेपाल सरकार तथा प्रदेश कार्यालय, स्थानीय तह, संक्रमणकालीन न्याय, द्वन्द्वसँग कामगर्ने संघ/संस्था तथा सरोकारवाला, अन्तर्राष्ट्रिय संघ/संस्थासँग निरन्तर समन्वय गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, सत्य निरुपण तथा मेलमिलाप आयोग, प्रदेश सरकारका कार्यालय, ICRC, NWC, INSEC, NHRC, सुरक्षा निकाय, स्थानीय तह जन प्रतिनिधि NHRC, पीडित परिवार सरोकारवाला निकाय विधिविज्ञान प्रयोगशाला प्रतिष्ठान, स्वास्थ्य कर्मी, संवैधानिक निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार निकाय | प्रभावकारी समन्वय भई कामकारबाहीमा सहजता कायम भएको हुने | |
| १३ | **कारबाही सिफारिस** | १. व्यक्ति बेपत्ता पार्ने घटनामा संलग्न देखिएका | | • मुद्दा चलाउनकोलागि महान्यायाधिवक्ता समक्ष सिफारिस गर्ने,<br>• घटनामा संलग्न व्यक्ति कुनै निकायमा कार्यरत रहेको भए कारबाहीको लागि सिफारिस गर्ने, | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | महान्यायाधिवक्ताको कार्यालय, नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकाय, | मुद्दा चलाउने प्रकृया शुरु भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यक्ति उपर मुद्दा चलाउन सिफारिस, | | | | | प्रदेश सरकार, स्थानीय तह, घटनामा संलग्न व्यक्ति कार्यरत कार्यालय वा निकाय | | |
| | | २. बेपत्ता भएको व्यक्तिको सम्पत्ति व्यवस्थापन | आयोगले बेपत्ता पारिएको व्यक्तिको नाममा रहेको सम्पत्तिको व्यवस्थापनको लागि पीडितले माग गरेमा आवश्यकता अनुसार सहजीकरण गर्ने | • बेपत्ता पारिएको व्यक्तिको नाममा रहेको सम्पत्तिको व्यवस्थापनको लागि पीडितले माग गरेमा आवश्यकता अनुसार सहजीकरण गर्ने | निरन्तर | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालय | बेपत्ता पारिएको व्यक्तिको नाममा रहेको सम्पत्तिको व्यवस्थापन भएको हुने | |
| १४ | व्यक्ति बेपत्ता पार्ने घटना हुन नदिने सुनिश्चितताको लागि गरिनु पर्ने सुधारको सम्बन्धमा सिफारिस, | सशस्त्र द्वन्द्वका अन्तरनिहित कारणहरूको पहिचान गरी व्यक्ति बेपत्ता पार्ने घटना हुन नदिने सुनिश्चितताको लागि गरिनु पर्ने नीतिगत, कानुनी, संस्थागत, प्रशासनिक, कार्यक्रमगत र व्यवहारिक सुधारको सम्बन्धमा सिफारिस, | विज्ञसँग छलफल र सुझाव संकलन | • सशस्त्र द्वन्द्वका अन्तरनिहित कारणहरूको पहिचान गरी व्यक्ति बेपत्ता पार्ने घटना हुन नदिने सुनिश्चितताको लागि गरिनु पर्ने नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक, कार्यक्रमगत र व्यवहारिक सुधारको सम्बन्धमा सिफारिस,<br>• संस्थागत सुदृढीकरणको लागि नेपाल सरकारलाई सिफारिस गर्ने<br>• छलफल र सुझाव संकलन गर्ने | २०८६ बैशाखसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | द्वन्द्वका प्रकृति र प्रवृति पत्ता लागी पीडितलाई सत्य तथ्यको जानकारी प्राप्त हुने र सम्बन्धित क्षेत्रमा सुधार हुने | |
| १५ | प्रतिवेदन | १. अन्तरिम प्रतिवेदन पेश, | | • आयोगले छानबिन गरिसकेको विषयमा समय समयमा सिफारिस सहित नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्ने, | आवश्यकता अनुसार | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | अन्तरिम प्रतिवेदन तयार भई नेपाल सरकार समक्ष पेश हुने | |
| | | २. अन्तिम प्रतिवेदन लेखन र पेश, | • प्रतिवेदन लेखनका लागि आवश्यक अनुभवी विज्ञलाई नियुक्ति गर्ने,<br>• द्वन्द्वविद्, समाजशास्त्री, मानवशास्त्री, TJ Expert, Expert | • सत्य अन्वेषण सम्बन्धी कामकारबाही सम्पन्न भएपश्चात सोको प्रतिवेदन तयारी,<br>• अन्तिम प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,<br>• पीडित तथा सरोकारवालालाई आयोगको अन्तिम प्रतिवेदन नेपाल सरकार समक्ष पेश भएको जानकारी दिने, | २०८६ बैशाखसम्म | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न संचार माध्यम | अन्तिम प्रतिवेदन नेपाल सरकार समक्ष पेश भएको हुने | |

| सि.न. | आयोगको कार्यक्षेत्र | कार्य विवरण | कार्यक्रम | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | in Report Writing अनुभवी विज्ञको सहयोग लिने, | | | | | | |